BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Research Journal*
ISSN: 2594-3421

# 'नथिया' उपन्यासमा जाति, क्षण र वातावरण

**रमेश प्रभात***

Mail : ramesh@bmc.edu.np

**सारसङ्क्षेप**

*यस लेखमा समाजशास्त्रीय मान्यताका आधारमा नथिया उपन्यासभित्र रहेका जाति, क्षण र वातावरणको पहिचान गरी विश्लेषण गरिएको छ । प्रसिद्ध समाजशास्त्री हिप्पोलाइट तेनको समाजशास्त्रीय मान्यतालाई आधार मानी उक्त सैद्धान्तिक मान्यतासँग मेल खाने खालका साक्ष्यहरू उपन्यासभित्रबाट प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ। नेपाली समाजमा रहेको जातिगत विविधताको अवस्था केलाउने काम जातिअन्तर्गत गरिएको छ। तत्कालीन नेपाली समाजको मूल्य, मान्यता, संस्कार, संस्कृतिलगायत राजनीतिक घटनालाई क्षणमार्फत् समेटेर विश्लेषण गरिएको छ। यसर्थ क्षणअन्तर्गत समग्र युगीन अवस्था समेटिएको छ। त्यस्तै वातावरणअन्तर्गत समाजको भौतिक तथा प्राकृतिक वातावरणका साथै सामाजिक, सांस्कृतिक तथा राजनैतिक पक्षको पनि पहिचान गरिएको छ।*

**प्रमुख शब्दावली**: *साहित्यको समाजशास्त्र, जाति, क्षण, वातावरण, पहिचान।*

## १. विषय परिचय

**नथिया** (२०७४) उपन्यासका सर्जक साहित्यकार सरस्वती प्रतीक्षा (२०३८) हुन् । पोखरालाई कर्मथलो बनाई बसेकी प्रतीक्षाको यो पहिलो उपन्यास हो भने यो उनको चौथो एकल कृति पनि हो। यसअघि उनका **यद्यपि प्रश्नहरु** (२०६२), **बिम्बहरुको कठघरा** (२०६६) र **बागी सारङ्गी** (२०६९) नामका कवितासङ्ग्रहरू प्रकाशित भएका छन्। यस उपन्यासमा वादी जातिकी महिला सामलीको जीवनभोगाइलाई मार्मिक रूपमा चित्रण गरिएको छ । यस उपन्यासले उक्त वादी समुदायको स्थलगत अध्ययनलाई आधार बनाएर उपन्यास लेखन कार्य अगाडि बढाएको कुरा लेखकस्वयंले स्वीकार गरेकी छन्। यसर्थ यो उपन्यासलाई समाजशास्त्रीय कोणबाट अध्ययन गर्न सकिन्छ।

साहित्यको समाजशास्त्रले साहित्यिक कृतिमा अभिव्यक्त सामाजिक चेतना र लेखकले बाँचेको सामाजिक धरातलको सम्बन्ध खोज्ने काम गर्छ। यसर्थ साहित्यिक कृतिको अध्ययनका क्रममा साहित्य र समाजलाई एक अर्काको पूरकका रूपमा हेर्ने काम साहित्यको समाजशास्त्रको हो। साहित्यकारले समाजमा रहेका विभिन्न जातिका गुणहरू आफ्नो कृतिमा राखेको हुन्छ। त्यस्तै तत्कालीन समाजका जीवन भोगाइ र अनुभवलाई पनि समेटेको हुन्छ। त्यस्तै कृतिको रचना गर्दा उसले आफ्ना वैयक्तिक अनुभवका अतिरिक्त तत्कालीन समाजका परिघटनालाई पनि समेटेको हुन्छ। यसरी साहित्यमा जाति, क्षण र वातावरण मुखरित भएको हुन्छ भन्ने समाजशास्त्री तेनको मान्यतालाई आधार मानेर **नथिया** उपन्यासको अध्ययन यो लेखमा गरिएको छ।

## २. साहित्यको समाजशास्त्रीय अध्ययनमा जाति, क्षण र वातावरण

साहित्यको समाजशास्त्रीय अध्ययनलाई सैद्धान्तिक आधार दिने कामहिप्पोलाइट तेनले गरे । उनले क्षण, जाति र वातावरणलाई आधार मानेर साहित्यको विश्लेषण गर्ने परिपाटी थालनी गरे । त्यस्तै स्विङ्गउडको सामाजिक संरचना, कडवेलको सामाजिक आर्थिक अवस्था, कडवेलको भाषा, लियोलावेन्थलको सामाजिक मनोविज्ञान, रेमन्ड विलियम्सको

* Mr. Prabhat is Lecturer in Nepali at Birendra Multiple Campus

अनुभूतिको संरचना, लुसियो गोल्डमानको विश्वदृष्टिका साथै सामाजिक इतिहासलाई पनि साहित्यको समाजशास्त्रीय अध्ययनको अन्य तत्त्वका रूपमा लिने गरिन्छ । यहाँ **नथिया** उपन्यासको विश्लेषणका लागि तेनको जाति, क्षण र वातावरणलाई आधार मीनएको छ।

२.१. **जाति**

जाति साहित्यको समाजशास्त्रीय विश्लेषणको प्रमुख आधार हो। तेनका मतमा साहित्य समाजका जातिहरूको पदचिन्हको आधार हो । उनका मतमा साहित्य लेखन एउटा व्यक्तिको मात्र काल्पनिक उपज होइन,यो समाजका जातिको प्रभावबाट पृथक् रहन सक्दैन । उनका विचारमा लेखकको समकालीन समाजका जाति र उनीहरूको व्यवहार तथा स्वभावका प्रभावबाट साहित्यको सृजना भएको हुन्छ (क्षेत्री; २०६४ : २१) । तेनको यस भनाइअनुसार साहित्यको समाजशास्त्रीय अध्ययन गर्नेले साहित्यमा व्यक्त भएको जातिका विषयमा अध्ययन गर्नु पर्दछ किनभने साहित्यकारले आफ्नो समाजको जातिबाट साहित्यका निम्ति आवश्यक पर्ने उपकरणहरू लिइएको हुन्छ (स्विङ्गउड; १९७२ : ३३) ।

तेनले साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा जातिलाई वंशानुगत गुण, शारीरिक बनावट तथा जातजातिका प्रतिभा, स्वभाव, विशेषता एवं पारस्परिक मानसिकताका रूपमा परिभाषित गरेका छन् (स्विङ्गउड; १९७२ : ३३) । उनका विचारमा साहित्यको एउटा महान् वैशिष्ट्य स्रष्टाले भोगेको इतिहासका प्रजातिसँग सम्बन्धित पुस्तामा क्रमशः विकसित र उत्परिवर्तित हुँदै जान्छ । सत्रौँ शताब्दीमा फ्रान्समा मोन्तेन, पुनर्जागरणकालीन बेलायतमा सेक्सपियर र जर्मनीमा गेटे आफ्नो युगको समाजका प्रजातिगत चारित्रिक विशेषता हुन् भन्ने मत तेनको रहन गएको छ । यसको तात्पर्य के हो भने ती मुलुकहरूले यस किसिमको सांस्कृतिक र दार्शनिक वातावरण निरन्तर रही आएको हुँदा प्रजातिगत आधारमै त्यस्ता प्रतिभाहरू जन्मनु स्वाभाविक मानिएको हो । उनका मतमा प्रतिभा एउटा शक्ति हो जसको विकास प्रजातीय चरित्रबाट सुदृढ बन्दछ भने शिक्षा र ऐतिहासिक घटनाले उसलाई थप ऊर्जा आर्जन गर्न सहयोग गर्छ । मूलतः जन्मजात पैदा भएको प्रतिभा नै सृजनाको मुख्य कारण हो तर परिस्थिति र बाह्य वातावरणले मान्छेको प्रतिभाको विकासमा विशेष सहयोग पुऱ्याउँछ (पाण्डेय; १९८९ : १२६-१२८) ।

प्रत्येक पुस्तक कुनै समयका प्रजातिहरूको छाया तथा खोजजस्तो हुन्छ जसरी कुनै प्राणीको अध्ययन गर्दा उसका अवशेष र उत्खननबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिन्छ। प्राचीन अवशेष र पुस्तक दुवै निर्जीव वस्तु हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्त्वको पहिचान गरेर त्यसको पुनःनिर्माण गर्न सकिन्छ (पाण्डेय; १९८९ : १२६-१२८) । यसर्थ तेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रूपमा लिएका छन् ।

२.२. **क्षण**

साहित्यमासाहित्यकार वा कलाकारहरूले भोगेको जीवन अभिव्यक्त भएको हुन्छ । साहित्यिक कृतिको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मानिसहरूको अवस्था अभिव्यक्त गर्दछ (पाण्डेय; १९८९ : १२४) । तेनका अनुसार लेखक तथा कलाकार आफ्ना युगका विषयमा सचेत हुन्छन् । उनले साहित्यकारले आफ्नो कृतिमा व्यक्त गरेको युगलाई एउटा विशेष स्मरणीय समयका रूपमा परिभाषित गरेका छन् (स्विङ्गउड; १९७२ : ३५) । कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ जसलाई साहित्यकारले आफ्नो कृतिमार्फत व्यक्त गर्दछ । प्राचीन युगको ग्रिसेली साहित्यमा त्रासदीय क्षणको अभिव्यक्तिमा त्यस समयको ग्रिसको युग र परिस्थितिको सङ्केत मिल्दछ । त्यसरी नै मध्य युगको साहित्यमा वीरता र साहसिक कार्य अनि आधुनिक युगको साहित्यमा वैज्ञानिक तर्क र वर्तमानको प्रतिबिम्ब पाइन्छ (स्विङ्गउड; १९७२ : ३५) । यसरी साहित्यलाई समय तथा युगको उत्पादन तथा प्रतिबिम्ब मान्न सकिन्छ ।

तेनले साहित्यलाई दर्पणसँग तुलना गर्दै सत्यको अभिव्यक्ति साहित्यले गर्छ भनेका छन् । साहित्यकारले आफू बाँचेको समयको प्रतिबिम्ब साहित्यमा उतारेको हुन्छ भन्ने कुरा एक शताब्दी र अर्को शताब्दीको साहित्यको तुलना गर्दा थाहा पाउन सकिन्छ। यस्तो भिन्नता हुने कारण समयले मान्छेमा ल्याउने चेतनाले गरेको हुन्छ। तेनका यस मतमा कलाकार र साहित्यकार युगयुगका सत्यको साक्षात्कार गराउने सेतुका रूपमा आएका हुन्छन् । साहित्यिक कृतिका माध्यमबाट साहित्यकारले युगमा बाँचेका मान्छे र राष्ट्रको वास्तविकताको पहिचान गराउँछ। लेखक तथा स्रष्टाले आफ्नो जात, समाज तथा राष्ट्रको भावनाका साथै आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एउटा युगको अभिलेख हो। यसर्थ साहित्यिक कृति ज्ञानवर्द्धक हुनाका साथै मानवसमाजको स्मारक तथा ऐतिहासिक दस्तावेज हो। दर्पणले वस्तुको आकृति देखाएजस्तै साहित्यले पनि समयको प्रतिबिम्ब प्रस्तुत गर्दछ। साहित्यिक कृतिको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजीलाई तेनले समाजशास्त्रीय अध्ययनको एउटा विषय मानेका छन्।

## २.३. **वातावरण**

तिनले साहित्यमा वातावरणको प्रभाव रहन्छ भनेका छन्। तेनको वातावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ (स्विङ्गउड; १९७२ : ३३)। तेनको अभिमत छ – उत्तर दुःखी छ भने दक्षिण सुखी छ (तेन १८७९ : ३३) यसको तात्पर्य के हो भने युरोपको मध्यविन्दुबाट वातावरणको विश्लेषण गर्दा उत्तरी गोलार्द्धको हिम प्रदेशमा रहेको जीवनका तुलनामा दक्षिणवर्ती गोलार्द्धमा रहेको जीवन निकै सुखी हुन्छ भन्ने अभिमत यस अभिव्यक्तिमा प्रकट भएको छ। भौगोलिक बनावट तथा प्राकृतिक स्थिति प्रतिकूल तथा कष्टमय हुनाका कारण उत्तरका साहित्यमा दुःख, कष्ट, पीडा र भोकमरी पाइन्छ भने दक्षिणको भौगोलिक संरचना अनुकूल हुनाका कारण त्यहाँको साहित्यमा सुख, शान्ति तथा आनन्द पाइन्छ। यसरी भौगोलिक वातावरणले साहित्यमा प्रभाव पारेको हुन्छ। समाजमा मान्छे एक्लो नहुने हुँदा ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा चारैतिर घेरिएको हुन्छ (पाण्डेय; १९८९ : १२८) । युरोपको सन्दर्भमा उत्तरमा दुःखवाद र दक्षिणमा सुखवादको अभिव्यक्ति साहित्यमा हुने कुराबाट के स्पष्ट हुन्छ भने भौगोलिक संरचना र वातावरणले साहित्य सिर्जनामा मान्छेको मानसिकतामा प्रभाव पार्दछ भन्ने भनाइ तेनकोछ। पश्चिमको युनान तथा रोमको विशिष्ट प्राकृतिक वातावरणका कारणले त्यहाँका बासिन्दाहरूको स्वभाव विशिष्ट किसिमको बनेको छ अनि त्यही विशिष्ट स्वभावको अभिव्यक्ति त्यहाँको संस्कृति, कला तथा साहित्यमा प्रकट भएको छ। यसर्थ साहित्यकार बाँचेको समाजको भौगोलिक वातावरणको प्रभाव साहित्यमा रहेको हुन्छ भन्ने मत तेनको रहेको छ।

## ३. **नथिया उपन्यासको समाजशास्त्रीय अध्ययन**

**नथिया** उपन्यासको कथ्य दाङ जिल्लामा बसोबास गर्ने वादी जातिका मानिसहरूसँग सम्बन्धित छ। उपन्यासभित्र नायिका सामलीको जीवनका आरोह–अवरोहलाई चित्रण गरिएकाले यो उपन्यास सामाजिक उपन्यास हो। यसर्थ यो उपन्यासको समाजशास्त्रीय अध्ययन गर्न सकिन्छ। यहाँ उपन्यासको आख्यानसन्दर्भ उल्लेख गर्दै समाजशास्त्री तेनको मान्यतालाई आधार मानेर जाति, क्षण र वातावरणका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

### ३.१. **नथिया उपन्यासको आख्यानसन्दर्भ**

नथिया उपन्यासमासामली वादीको जीवनभोगाइलाई मुख्य कथा बनाइएको छ। दाङ जिल्लमा बसोबास गर्ने वादी बस्तीमा चन्द्रिका र देब्रेकान्छाका पहिलो सन्तानका रूपमा जन्मिएकी सामली जन्मिँदै असाधारण खालको सुन्दरी भएको बताइएको छ। कुरूप आमाबाबुबाट जन्मिएकी भएर पनि अत्यन्त सुन्दर भएका कारण सारा बस्तीमा उसको सुन्दरताको चर्चा हुने गरेको कुरा उपन्यासमा आएको छ। उक्त बस्तीमा छोरीलाई कमाइ गर्ने वस्तुका रूपमा लिने गरिएको पनि बताइएको छ। पहिलो चोटि रजस्वला भएको केही दिनमा उक्त युवतीसँग पहिलो संसर्गका लागि त्यो क्षेत्रमा धनाढ्यहरूका

बीचमा प्रतिस्पर्धा चल्ने गरेको सामाजिक यथार्थ पनि उपन्यासमा आएको छ। उक्त कार्यलाई त्यो क्षेत्रमा नथिया उतार्ने भनिने गरेको पनि उपन्यासले बताएको छ। सामलीको नथिया उतार्नका लागि बेखामान नामक साहुले निकै चर्को मूल्य चुकाएको र त्यसका लागि उसका साथीहरूसँग मिलेर उसलाई आफ्नै कपडा पसलमा ल्याएर जाँड खुवाएर बलात्कार गरेको घटना उल्लेख छ। उक्त घटनापछि लामो समयसम्म उसको यौनाङ्गबाट रगत बगेको र उपचार गर्दा समेत निको नभएको चर्चा छ।

सामलीको नथिया खोलिएको केही समयपछि एक दिन मेजर मानबहादुरले सामलीसँग यौन सम्पर्क गर्ने घोषणा मात्रै गर्दैन, त्यसको लागि तयार नभए उसकी आमा र उसको हत्या गर्ने धम्की समेत दिएर जान्छ। यो घटनाले देब्रेकान्छाको परिवारमा भुइँचालो जान्छ। त्यसपछि रातारात छोरी सामली, श्रीमती चन्द्रिका र देब्रेकान्छा दाईको पत्रैया छाडेर बर्दियाको राजापुरतर्फ लाग्छन्। त्यहाँको बसाइमा सर्पको डसाइबाट देब्रेकान्छाको मृत्यु हुन्छ भने सामलीकी दिदी नयनताराले उसलाई पनि यौनपेशामा आउन पटक पटक दवाव दिन थालेपछि ऊ पुनः आफ्नै गाउँ पत्रैया फर्कन्छे। त्यसको केही समयपछि बाध्य भएर ऊ यौनपेशामा लाग्छे। उसले आफ्नो पहिलो ग्राहक बेखामान साहुको नवविवाहित छोरो रत्नमानलाई बनाउँछे। त्यति मात्र होइन, रत्नमान घर जान छोडेर सामलीको घरमै बस्न थाल्छ। यस घटनाले गर्दा आजित बेखामानले पुरानो घटनाका लागि सामलीसँग रोएर माफी मागेपछि भने उसको एक मात्र सन्तान रत्नमानलाई आफ्नो चङ्गुलबाट फुत्काएर आफ्नै घर फर्काइदिन्छे।

सामलीले आफू भनेर मरिहत्ते गर्ने रेञ्जर फत्तेमान हमालसँग ठूलो सपना देखेर विवाह गर्छे। उसबाट गर्भधारणसमेत गर्छे। गर्भवती अवस्थामा उसबाट कुटपिट र ज्यादती भएपछि उसबाट मुक्त हुन आफूलाई मन पराउने नाइ काम गर्ने मोहम्मदसँग दोस्रो विवाह गर्छे। दुबै विवाहबाट सन्तुष्टि नपाएपछि तेस्रो विवाहका लागि स्वीकृति दिएर पनि अन्तिममा दिवाकरको सामुबाट सदाका लागि ओझेल पर्छे।

सामलीका जीवनमा ग्राहक बनेर थुप्रै लोग्नेमान्छे आउँछन्। तिनीहरूसँग उसले आफ्नो पेशागत मर्यादा कायम राख्छे। तिनीहरूमध्ये रत्नमान, रेञ्जर फत्तेमान हमाल, कवि चेतनाथ इन्द्रेणी, शेरे डन अर्थात् शेरबहादुर थापा र प्रहरी इन्स्पेक्टरको भूमिका विशेष खालको देखिन्छ। त्यस्तै ग्राहकको भीडमा मिसिएर आएको दिवाकर थापा भने यौनका लागि नभएर आफ्नो अनुसन्धानका लागि आएको हुन्छ। जोसँगको करिब छ महिनाको सङ्गतले सामलीको जीवन र चिन्तनसमेत परिवर्तन हुन पुग्छ। त्यसपछि उसले यौनपेशालाई सदाका लागि छाड्नुका साथै आफूलाई अति माया गर्ने दिवाकरसँग विवाह गर्नुको सट्टा ऊबाट सदाका लागि छुट्टिएर आफ्नी छोरी सुजाताको शिक्षा–दीक्षामा समय दिन्छे।

यसरी नथिया उपन्यासमा वादी जातिका मान्छेले भोगेका जीवनका आरोह अवरोहलाई मार्मिक रूपमा चित्रण गरिएको छ। यो उपन्यास समाजसँग प्रत्यक्ष सम्बन्धित उपन्यास भएकाले यसको समाजशास्त्रीय अध्ययन गर्नु आवश्यक देखिन्छ।

३.२. **नथिया उपन्यासमा जाति**

नथिया उपन्यासमा जातिलाई जनाउने विविध सन्दर्भहरू आएका छन्। वादी बस्तीका घटना र उनीहरूको जीवनचर्या प्रस्तुत गरिएको यो उपन्यासमा वादी जाति प्रमुख जातिका रूपमा आएको छ भने अन्य जाति गौण रूपमा आएको पाइन्छ। वादी जातिलाई चिनाउन तलका साक्ष्यहरूको सहायता लिन सकिन्छ :

साक्ष्य १ः

*वादी बस्तीमा उमेर पुगेपछि एउटी केटीमान्छेको मूल्य उसले नाकमा लगाएको नथियाको मूल्यले निर्धारण गर्छ। पहिलोपटक नथिया उतार्ने बेलामा पहिलो ग्राहकले जति बढी मूल्य दिन्छ, समाजमा त्यो केटीको हैसियत र महत्त्व त्यही मूल्यको आधारमा तय गरिन्छ* (नथिया : १४)।

साक्ष्य २ :

*“वादीहरू आएका छन्, बाटो छोड देओ।”, विवाह घरको आँगनमा पुग्दा नपुग्दै मान्छेहरू यसरी तर्किएर उनीहरूलाई बाटो छोड्दै थिए, मानौँ, वादीहरू अर्कै प्रजातिका मान्छे हुन् र यिनलाई छुनासाथ ठूलै भूकम्प गइहाल्छ* (नथिया : ३२)।

माथिको साक्ष्य १ मा वादी जातिमा उमेर पुगेपछि छोरीहरूको नथिया उतार्ने र सो कार्यका लागि चर्को मूल्य लिने गरेको कुरा चित्रण भएको छ। त्यति मात्र नभएर उक्त समयमा पाउने मूल्यका आधारमा उसको सामाजिक हैसियत तोकिने समेत उल्लेख भएको छ। त्यस्तै साक्ष्य २ मा उक्त समुदायमा वादी जातिलाई तल्लो जाति ठानेर हेप्ने गरेको प्रसङ्ग आएको छ। वादी जातिका मान्छेहरूले आफ्ना छोरीहरूलाई वैध रूपमा यौन पेशामा लगाएर आय आर्जन गर्ने गरेको कुरालाई तलका साक्ष्यहरूले पुष्टि गरेका छन् :

साक्ष्य ३ :

*छोरीमान्छे पछिको आम्दानीको स्रोत। खुशीको मुहान। वादी बस्तीमा केटामान्छे भएर जन्मनु, जन्मँदै आमाको काखबाट दूध कम, अपमान ज्यादा खान जन्मनु जो हुन्थ्यो* (नथिया : १८)।

साक्ष्य ४ :

*“अब हामॄा सुखका दिनहरू सुरू हुन्या बेला नजिकै आइसक्याको छ।” बारम्बार आफ्नी आमाले यसो भनिरहँदा उसले नसुनेकी भने होइन, नसुनेजस्तो गरेकी भने पक्कै हो* (नथिया : ३१)।

साक्ष्य ५ :

*नथिया खोलेको दिन। सपना, प्रेम र विवाहको भ्रमबाट मुक्त भएको दिन। सुरुमा आफूलाई निकै गह्रुँगो महसुस गरी। पछिपछि हलुँगो, झन्झन् हलुँगो महसुस गर्दै गई* (नथिया : १८५)।

माथिको साक्ष्य ३ मा वादी बस्तीमा छोरालाईभन्दा छोरीलाई ज्यादा महत्त्व दिएर हुर्काउने गरेको कुरा आएको छ, यसो हुनुमा उनीहरूलाई भविष्यको आम्दानीको स्रोत मानिने कुरा पनि उक्त साक्ष्यले बताएको छ। त्यस्तै साक्ष्य ४ मा छोरी ठूलो हुँदा खुसी मनाएको भन्दै परोक्ष रूपमा उसलाई आम्दानीकै स्रोत मानिएको छ। साक्ष्य ५ मा भने सामलीले नथिया खोलेको दिनलाई सपना, प्रेम र विवाहको भ्रमबाट मुक्त भएको दिन ठानेकी छ। यसले वादी युवतीहरू सबै कुरा छाडेर यौनपेशामा तल्लीन हुने गर्छन् भन्न खोजेको छ।

वादी जातिका महिलालाई यौनपेशामा लागेकोमा त्यो क्षेत्रका अन्य जातिका महिलाहरूले हेप्ने गरेको पाइन्छ। आफूलाई अनावश्यक रूपमा हेपेपछि वादी महिलाहरू त्यसको प्रतिकारमा हात हालाहाल गर्न र मौखिक प्रतिरक्षामा कसरी उत्रन्छन् भन्ने कुरालाई तलको साक्ष्यले प्रष्ट पारेको छ :

साक्ष्य ६ :

*फूलमाया वादी– “हाम्लाई म्वाइँ खायाका ओठहरूले तमीलाई पन म्वाइँ खायाका हुनन्, तमरा लोग्न्याहरूले। चोखो त तमीहरू पन कहाँ भयाका छौ र ? तमरा लोग्न्याहरूले हाम्लाई छोयापछि तमरा लोग्ने बिटुलिया। त्यही बिटुलियाको मान्छेले तमीलाई छोयापछि तमी पन त बिटुलियाकाछौ”* (नथिया : १८१)।

वादी वस्तीमा आएका ग्राहकहरूको पहिलो रोजाइमा सामली हुने गरेको र त्यसबाट अन्य वादी युवतीहरू रुष्ट भएको घटनालाई उपन्यासले यसरी प्रस्तुत गरेको छ :

साक्ष्य ७ :

*“जसलाई पनि सामली नै चाहिने, ऊचाहिँ मान्छ, हामी अरू सप्पै पशु हौँ ? उसको शरीरमा मासु छ, हाम्रो शरीरमा सिनो छ ?”, प्रश्नको जवाफ आउला भन्दा प्रश्नको प्रश्न तेर्स्याएर झगडा गर्ने मुडमा पो देखिई एउटी युवती* (नथिया : २३३)।

वादी जातिका मानिसहरू नाचगानमा संलग्न हुने गरेको कुरा उपन्यासले चित्रण गरेको छ। पुरुषहरूले बाजा बजाउने र स्त्रीहरू नाचेर समाजमा हुने विभिन्न उत्सवमा मनोरञ्जन गराउने कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

साक्ष्य ८:

*उता बाँसुरी, मादल, तबला, खैँजरी र दमाहा बजाउन थाले, बादी पुरुषहरूले। यता नाच्न तम्तयार सामलीको धड्कन रोकिएलाजस्तै भइरहेको थियो* (नथिया : ३२)।

यसरी सिङ्गो उपन्यासमा वादी जातिका मानिसले भोगेका भोगाइ, उनीहरूको बोलीचाली र जीवनशैलीलाई चित्रण गरिएकाले यो उपन्यासमा जातिका रूपमा वादी समुदायको सशक्त चित्रण भएको पाइन्छ।

### ३.३. नथिया उपन्यासमा क्षण

**नथिया** उपन्यासमा विविध सन्दर्भहरू क्षणका रूपमा आएका छन्। वादी बस्तीका घटना र उनीहरूको जीवनचर्या प्रस्तुत गरिएको यो उपन्यासमा लगभग बीस वर्ष पहिले आफूबाट छुट्टिएकी आफ्नी प्रेमिका सामलीलाई उसकै रूपकी उसकी छोरी सुजातालाई देखेपछि नायकले सम्झना गरेको कुरा आएको छ। यस उपन्यासमा विभिन्न घटना क्षणका रूपमा आएका छन्। पहिलो साक्ष्य :

साक्ष्य १ :

*पछिल्लोपटक डायरी लेखिएको मिति थियो, २०६८ माघ २० गते थियो। लगभग एक वर्ष हुन लागेछ। प्रत्येक वर्ष सामलीको जन्मदिनमा डायरी लेख्थे उनी* (नथिया : ३)।

उपन्यासको प्रारम्भमा वि.सं. २०६४ मा वादी महिलाहरूले सिंहदरबारअगाडि गरेको अर्धनग्न जुलुसलाई विशेष क्षणका रूपमा यसरी चित्रण गरिएको छ :

साक्ष्य २ :

*विक्रमाब्द २०६४, सिंहदरबारको मूल ढोकानेर पेटीकोटमात्र लगाएर एक हूल वादी महिलाहरूले आफ्नो हक, अधिकार र वैकल्पिक पेशाका लागि अर्धनग्न जुलुस निकालेका थिए* (नथिया : ३)।

वदिनी युवतीलाई रजस्वलापछि पहिलो चोटि संसर्ग गर्न त्यो क्षेत्रका धनाढ्यहरूले निकै मूल्य चुकाउने गरेको कुरा उपन्यासमा वर्णित छ। सामलीलाई सोही कार्य गर्न बेखामान साहुले निकै मूल्य तिरेको कुरा यो साक्ष्यमा यसरी क्षण बनेर आएको छ :

साक्ष्य ३ :

*"तिमीलाई थाहा छ, तिम्रो नथिया उतार्न मैले कति मूल्य चुकाएको छु ? अब मूल्य चुकाउने पालो तिम्रो।" गर्जियो बेखामान* (नथिया : ४७)।

अन्य जातिले जस्तै वादी जातिले पनि विभिन्न चाडपर्व मनाउने गरेको कुरा उपन्यासभित्र चित्रित छ। अझ रेञ्जर फत्तेमान हमालसँग विवाह गरेर उसको क्वार्टरमा बस्न थालेपछि सामलीमा चाडबाडप्रति रुचि जागेको छ। यसमा चाडपर्व क्षण बनेर यसरी आएको छ :

साक्ष्य ४ :

*तीज आयो। दशैँ, तिहार आयो। चाडबाडमा रेञ्जर कहिले दाङ, कहिले प्युठान गर्दैमा व्यस्त भइरह्यो* (नथिया : १४६)।

गर्भवती सामलीलाई सुत्केरी गराउनका लागि अस्पताल लगिएकोमा अस्पतालका डाक्टरले पेटभित्रको बच्चा मरेको छ भन्ने घोषणा गरेपछि सामलीले त्यसको प्रतिकार गरेर बच्चा जिउँदो छ भनेपछि उसलाई अस्पतालबाट पागल भनेर बाहिर निकालिन्छ। त्यसपछि उसले अस्पताल बाहिरको रूखमा आड लागेर सकुशल बच्चा जन्माउँछे। यसरी खुल्ला ठाउँमा बच्चा जन्माएको घटना उपन्यासमा क्षण बनेर आएको कुरा तलको साक्ष्यले प्रष्ट पार्छ :

साक्ष्य ५ :

*आधा घण्टा जति रूखलाई च्याप्प समातेर बल लगाउँदै कनेपछि सामलीले बच्चा जन्माई* (नथिया : १६९)।

बेलाबेलामा वादी बस्तीमा पुलिसले छापा मार्ने गरेको र यसरी छापा मार्दा वदिनी र ग्राहक दुबैलाई कार्वाही गर्ने गरेकोमा एक पटक पुलिसको हाकिमनै सादा पोशाकमा समातिएको घटनालाई विशेष क्षणका रूपमा उपन्यासमा यसरी चित्रण गरिएको छ :

साक्ष्य ६ :

*एकपटक थानाका पुलिसहरूले ग्राहकहरूलाई समात्न खोज्दा जब सिभिल ड्रेसमा आफ्नै डीआइजीलाई ग्राहकको रूपमा भेटे, त्यसपछि तिनले कहिल्यै ग्राहकहरूतर्फ आँखा लगाउने धृष्टता गरेनन्* (नथिया : २०२)।

वादी वस्तीमा बसेर यौनपेशामा संलग्न भए पनि आफ्नो धन्दा गर्ने ठाउँमा अगरबत्ती बाल्ने गरेकी सामलीसँग त्यस बारेमा दिवाकरले जिज्ञासा राखेपछि त्यसको उत्तरमा बताएका शब्दहरू क्षण बनेर उपन्यासमा यसरी प्रस्तुत भएको छ :

साक्ष्य ७ :

*"मेरो निम्ति मेरो काम नै पूजा हो र जहाँ मु काम गर्छु, त्यो ठाउँ नै मेरो मन्दिर हो। यसैले काम गर्न्या ठाउँमा अगरबत्ती बाल्दोछु म सधैं। अगरबत्तीको सुगन्धले मेरो मन र शरीर दुबैलाई ताजा बनाउँदोछ।", दार्शनिक नभए पनि सामलीले जवाफचाहिँ दार्शनिक पाराले दिई* (नथिया : २६२)।

यौनपेशामा व्यावसायिक पाराले लागेकी सामलीलाई उसका समवयीहरूले निकै प्रतिस्पर्धी रूपमा लिने गरेकोमा एक्कासी उसले धन्दा गर्न छाड्ने घोषणा गरेपछि उनीहरू खुसी भए। बस्ती वरपरका बाँकी सबैको मनमा भने भुइँचालो गएको कुरालाई विशिष्ट क्षणका रूपमा उपन्यासमा यसरी चित्रण गरिएको छ :

साक्ष्य ८:

*सामलीले धन्दा गर्न छोडेको घोषणा गरेलगत्तै वरपरका वदिनीहरूको ओठमा मुस्कान छचल्कियो। अब आफ्नोमा आउने ग्राहकको सङ्ख्या बढ्ने भो भनेर ती मुस्काइरहेका थिए। मुस्काइरहेका केही दर्जन ओठहरूमा बाहेक अन्य धेरैको मनमुटुमा भैँचाले गयो* (नथिया : २७१)।

यसरी यो उपन्यासमा नायक दिवाकरले सामलीको स्मरण गरेको घटनादेखि लिएर सामलीले जीवनमा भोगेका विभिन्न घटनाहरू क्षण बनेर आएका छन्।त्यस्तै उपन्यासको प्रारम्भमा राजनैनिक घटना पनि क्षण बनेर आएको देखिन्छ। नायिका सामली केन्द्रमा रहेको हुनाले उससँग सम्बन्धित घटना बढी क्षणका रूपमा आउनु स्वाभाविक पनि हो। त्यसका अतिरिक्त अन्य घटना न्यून रूपमा आएको पाइन्छ।

### ३.४. नथिया उपन्यासमा वातावरण

**नथिया** उपन्यास वादी जातिका मानिसहरूले भोग्ने गरेका निम्नस्तरीय जीवनमा आधारित कृति हो। यो उपन्यास दाङ जिल्लाका विभिन्न ग्रामीण परिवेशमा बसोबास गरी यौन पेशामा संलग्न वादी महिलाका जीवनभोगाइसँग सम्बद्ध छ। यो उपन्यासमा वातावरण पहिचान गर्नका लागि उनीहरूको दिनचर्या, उनीहरूको वरपरको वातावरण र उनीहरूले गर्ने कामलाई आधार बनाउन सकिन्छ।

यो उपन्यासले ग्रामीण परिवेशको चित्रण गरेको पाइन्छ। मूलतः दाङ जिल्लामा बसोबास गर्ने वादीहरूले भोग्ने गरेको परिवेश यसमा आएको छ। तलको साक्ष्य हेरौँ :

साक्ष्य १ :

*अस्थायी घरहरूको चहलपहलसँगै अनेकन् चहलपहल सुरु। वादीहरूको बस्ती रे! वादीहरूको बस्ती रे! दाङमा वादी बस्तीको आकर्षण अचम्मै लाग्दो गरी फैलियो* (नथिया : १२)।

गाउँका बारेमा वयान गर्दै त्यसको नाम कसरी रह्यो भन्ने बारेमा आकर्षक ढङ्गले उपन्यसमा यस्तो तरिकाले प्रस्तुत गरिएको छ :

साक्ष्य २ :

*पत्रैयाको नाम यसै कहाँ पत्रैया भएको हो र [ वादी बस्तीको वरपर हिँड्नै हुँदैन कुनै लोग्नेमान्छे। वदिनीहरूले पत्रेर लगिहाल्छन् । अफ्न अलि सुन्दर र शक्तिशाली लोग्नेमान्छे देख्यो भने त वदिनीहरूमध्ये कसले पत्रेर लाने भन्ने होडबाजी नै चल्छ* (नथिया : १३) ।

त्यस्तै गाउँमा बग्ने खोलाका चित्रण गर्दै त्यसको नाम र कामका बीचमा तालमेल नभएको भन्दै उपन्यसमा यस्तो तरिकाले परिवेश चित्रण गरिएको छ :

साक्ष्य ३ :

*नामचाहिँ हुरीखोला, आफ्नो नामको ठीक विपरीत मुद्रामा हुन्थ्यो खोला भने। वर्षायाममा पनि अलिकति ठूलो हुनु र केही नगन्य लहर थपिनुबाहेक हुरीखोलाको रौद्ररूप कहिल्यै देखिन्थेन* (नथिया : २९)

यस उपन्यासमा बस्तीदेखि केही टाढा रहेको जङ्गलको चित्रण गर्दै उक्त जङ्गलमा गएका मानिसहरू सितिमिति नफर्कने कुरा गर्दै एउटा पृथक् परिवेश देखाएको छ। हेरौँ तलको साक्ष्य :

साक्ष्य ४ :

*"दुखानीको जङ्गल भन्दाछन् यसलाई । यो जङ्गलसँग धेरैका दुःखका कथाहरू जोडियाका छन् । सितिमिति यहाँ कोही आउँदोनइ, जो आउँदोछ, त्यो फर्केर जादोनइ।", सामलीले जङ्गलका बारेमा बडो रहस्यमय कुरा बताई* (नथिया : २६५) ।

निर्जन जङ्गलमा प्रायः मृत्युका घटना मात्र हुने गरेकोमा उपन्यासका नायक दिवाकर र नायिका सामलीको मिलनमश्चात् भने जीवनबोध भएको घटनालाई प्रस्तुत गरी सुन्दर परिवेशको चित्रण यसरी गरिएको छ :

साक्ष्य ५ :

*आजसम्म मृत्युको मात्र साक्षी बसेका दुखानीको जङ्गल पहिलोपटक प्रेमको साक्षी बसेका थिए* (नथिया : २६९)।

मूलतः वादी वस्तीलाईचित्रण गरिएको यो उपन्यासमा त्यसका अतिरिक्त आंशिक रूपमा पोखरा र कीर्तिपुरको वातावरण पनि चित्रण गरिएको छ। हेरौँ तलका साक्ष्यहरू :

साक्ष्य ६ :

*पोखरा वा कीर्तिपुरको हावाहुरीसँग त धेरैपटक बयेली खेलेकै हो । यसपटक ऊ घोराहीको हावाहुरीसँग बयेली खेल्दै थियो* (नथिया : २५२) ।

साक्ष्य ७ :

*वादी बस्तीमै बसेर गर्नुपर्ने मेरो अनुसन्धान लगभग सकिएको छ। अब कीर्तिपुरमै बसेर आफ्नो कामलाई गति दिनुपर्छ मैले। अर्को हप्ताबाट म दाङ छोडेर कीर्तिपुरतिर लाग्छु। एक दिन कुरै कुरामा आफूले दाङ छोड्ने कुराको अप्रत्यक्ष जानकारी गरायो दिवाकरले* (नथिया : २६४) ।

यसरी **नथिया** उपन्यासमा दाङ जिल्लाको ग्रामीण भेगमा बसोबास गरेका वादी जातिले भोग्ने गरेका वातावरणको चित्रण मूल रूपमा गरेको देखिन्छ। त्यस्तै नायिका सामलीले घुमेका दाङका सहरी क्षेत्र र नायक दिवाकरले बसोवास गरेका पोखरा र कीर्तिपुरको वातावरण भने परोक्ष रूपमा आएको पाइन्छ।

## ४. निष्कर्ष

**नथिया** उपन्यास वादी जातिको जीवनलाई चित्रण गरिएको उपन्यास हो । यसले मूलतः दाङ जिल्लाको ग्रामीण भेगमा बसोबास गरेका वादी जातिले भोग्ने गरेको जीवनलाई मार्मिक रूपमा उतारेको छ। नायिका सामलीलाई केन्द्रमा राखेर

तयार पारिएको यो उपन्यासमा वादी जातिका मानिसले भोगेका भोगाइ, उनीहरूको बोलीचाली र जीवनशैलीलाई चित्रण गरिएको छ। यसर्थ यो उपन्यासमा जातिका रूपमा वादी समुदायको चित्रण छ। यो उपन्यासमा सामलीले जीवनमा भोगेका विभिन्न घटनाहरू क्षण बनेर आएका छन्। त्यस्तै राजनीतिक घटना पनि यसमा क्षण बनेको छ। यसमा दाङ जिल्लाको ग्रामीण भेगमा बसोबास गरेका वादी जातिले भोग्ने गरेका वातावरणको चित्रण मूल रूपमा गरिएको छ। त्यस्तै नायिका सामलीले घुमेका दाङका सहरी क्षेत्र र नायक दिवाकरले बसोवास गरेका पोखरा र कीर्तिपुरको वातावरण स्मरणका रूपमा आएको छ। यो उपन्यासले वादी जातिको संस्कृतिलाई आकर्षक रूपमा पहिचान दिलाएको छ। समग्रमा यो उपन्यामा जाति, क्षण र वातावरणको समायोजन सुन्दर रूपमा भएको छ।

### सन्दर्भ सामग्री सूची


अब्राहम्स, एम्. एच्. सन् २००५. **अ ग्लोसरी अफ लिटेररी टर्म्स**. (१८ औं.सं.) युनाइटेड किङडमः थोम्सन वर्डस्वर्थ।

क्षेत्री, उदय. २०६४. **समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन**. अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध. त्रिभुवन विश्वद्यालय. मानविकी तथा सामाजिक शास्त्र सङ्काय।

जैन, निर्मला (सम्पा.). सन् १९८६. **साहित्यका समाजशशास्त्रीय चिन्तन**, दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशालय।

तेन, हिप्पोलाइट. सन् १८७९. **फिलोसपी अफ आर्ट**. हार्बर्ड युनिभर्सिटी।

पाण्डेय, मेनेजर. सन् १९८९. **साहित्य की समाजशास्त्री की भूमिका**.चण्डीगढ : हरियाना साहित्य एकेदेमी।

प्रतीक्षा, सरस्वती.२०७४. **नथिया**. काठमाडौँ : बुक हिल पब्लिकेसन।

बराल, ऋषिराज. २०५५. **उपन्यासको सौन्दर्यशास्त्र**. काठमाडौंः साझा प्रकाशन।

बराल, कृष्णहरि र नेत्र एटम. २०६६. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (ते.सं.). काठमाडौं : साझा प्रकाशन।

श्रेष्ठ, दयाराम. २०६१. **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**. (दो.सं.). काठमाडौं : त्रिकोण प्रकाशन।

सुवेदी, अभि. २०६८. सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास. **रत्न बृहत् नेपाली समालोचना**, सैद्धान्तिक खण्ड. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा.). पृ. १२५-३९. काठमाडौं : रत्न पुस्तक भण्डार।

स्विङ्गउड, एलेन. सन् १९७२. **द सोसियोलोजी अफ लिटरेचर**. म्याक गिबन एण्ड कि लि.।